# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ७, भागः२ संख्याः २, मितिः२०८१/०५/११ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## कञ्चन गाउँकार्यपालिकाको आकस्मिक पूर्वाधार कार्यक्रम कार्यान्वय मापदण्ड, २०८१

*कार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०५/०५*

**प्रस्तावना :**

गाँउपालिकाले वजेट तर्जुमाको क्रममा अनुमान नगरेका, वजेट विनियोजन नभएका र आकस्मिक रुपमा भैपरी आउने योजनाहरुको सम्वोधन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको छ ।

### परिच्छेद : १ संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम " कञ्चन गाउँपालिकाको आकस्मिक पूर्वाधार कार्यक्रम कार्यान्वय मापदण्ड, २०८१ रहेको छ ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मापदण्ड" भन्नाले कञ्चन गाउँपालिकाको आकस्मिक पूर्वाधार कार्यक्रम कार्यान्वय मापदण्ड, २०८१ भन्ने बुझ्नुपर्छ ।

(ख) आकास्मिक पूर्वाधार भन्नाले तत्काल केही नगरेमा मानवीय र भौतिक क्षति हुन सक्ने खालका विपद् जन्य संरचनाको निर्माण तथा गाउँपालिकाले वजेट तर्जुमाको क्रममा अनुमान नगरेका, वजेट विनियोजन नभएका र आकस्मिक रुपमा भैपरी आउने योजना तथा कार्यक्रमहरु लाई बुझ्नुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

**३. वित्तीय व्यवस्थापन तथा सञ्चालनः** (१) आकस्मिक पूर्वाधार सञ्चालन तथा कार्यान्वयनका लागि सालबसाली रुपमा गाउँसभाबाट रकम विनियोजन भएको हुनपर्नेछ। उक्त शीर्षकमा बार्षिक रुपमा बढिमा रु.५० लाख भन्दा बढि रकम यस प्रयोजनका लागि विनियोजन गर्न पाइनेछैन। राष्ट्रव्यापी विपद् आई परेमा वा संघीय र प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि बजेट थप व्यवस्था गर्नु भनि निर्देशन/ परिपत्र भएमा बजेट विनियोजन गर्न बाधा परेको मानिने छैन।

**४. बजेट विनियोजन गर्न सकिने क्षेत्र र स्वीकृती** (१) आकस्मिक पूर्वाधार सञ्चालन देहायका क्षेत्रमा मात्र कार्य सञ्चालन गर्न सकिनेछ ।

(क) सडक

(ख) भवन

(ग) पुल

(घ) आकस्मिक सडक अबरुद्ध भइ सरसफाई गर्ने कार्य तथा नाली, ढल, कुलो, झाडी सरसफाई, सम्पदा संरक्षण जस्ता तत्काल गर्नु पर्ने कार्यहरू
(ङ) भौतिक निर्माण तथा मर्मत सम्वन्धी अन्य पूर्वाधारजन्य पुँजिगत कार्यहरु
(च) गाँउपालिकाले वजेट तर्जुमाको क्रममा अनुमान नगरेका, वजेट विनियोजन नभएका र आकस्मिक रुपमा भैपरी आउने योजनाहरु

(२) आकस्मिक पूर्वाधार शिर्षकबाट खर्च गर्ने सम्वन्धमा देहाय अनुसारको सीमाभित्र रही स्वीकृती प्रदान गर्नपर्नेछ।

(क) वडा अध्यक्ष स्तरीय निर्णयबाट बढीमा रु.२० हजार सम्म
(ख) रु.२० हजार माथि रु.५० हजार सम्म वडा समितिको निर्णयबाट
(ग) उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत स्तरको निर्णयबाट बढीमा रु.५० हजार सम्म
(घ) गाउँपालिका अध्यक्ष स्तरीय निर्णयबाट रु.१ लाख सम्म
(ङ) रु १ लाख भन्दा माथि रु ३ लाख सम्म कार्यापालिकाबाट स्विकृत हुनुपर्नेछ
(च) रू. ३ लाखभन्दा बढी रकम यस शीर्षकबाट एउटै योजनाको लागि विनियोजन गर्न पाइने छैन।

**५. आकस्मिक पूर्वाधार संचालन सम्वन्धी शर्तहरुः**

- वडागत वजेट विनियोजन भएको हकमा मात्र वडाले वुदा नं ४(२) वमोजिम निर्णय गर्न सक्ने
- पुर्वाधार जन्य कार्यबाहेक अन्य कार्यमा प्रयोग गर्न पाइने छैन
- एउटै योजनाका लागि एक पटक भन्दा बढि रकम विनियोजन गर्न पाइनेछैन।
- सामान्यतः अपुरा र अधुरा योजनाहरुका लागि रकम खर्च गरिने छैन यस्तो अवस्थामा खर्च गर्न परेमा कार्यापालिकाले निर्णय गरि कार्यान्वयन गर्नुपर्ने ।

**६.वडा कार्यालयबाट हुने खर्च सम्वन्धी मापदण्ड र आवश्यक कागजातहरुः** (१) बुँदा नं. ४ (२) बमोजिमको क्षेत्राधिकार भित्र रहि बजेट खर्च गर्नु पर्नेछ । र खर्च गर्दा देहायको प्रक्रिया पुरा गरेको हुनु पर्नेछ।

क) योजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि औचित्य पुष्टि हुने गरी सम्वन्धित स्थानका वासीन्दाहरुको संयुक्त निवेदन
ख) भौतिक स्थलको स्थलगत फोटो ।
ग) प्राविधिक लागत अनुमान
घ) सम्भव भएसम्म वडा कार्यालयको सिफारिस

(२) माथि उल्लेखित कार्यहरुको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली आकर्षित हुने अवस्था सम्म सोही ऐन तथा नियमावलीलाई आधार मानेर कार्य संचालन गर्नु पर्नेछ ।

(३) भुक्तानी प्रकृयाको लागि निवेदन, खर्चसंग सम्बन्धित विभिन्न प्रमाणित कागजात, विल भरपाई, फोटो लगातका विवरणहरु अनिवार्य हुनेछ ।

## परिच्छेद : ३

(७) **प्रतिवेदन पेश गर्ने सम्वन्धमाः** (१) यस शीर्षकबाट खर्च भएको रकमको प्रत्येक चौमासिकमा आर्थिक प्रशासन शाखाले रकम कलम दुरुस्त राखी सोको विवरण कार्यापालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) **अनुगमन सम्वन्धी व्यवस्थाः** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिका स्तरिय अनुगमन समितिले गाउँपालिका भर र वडा स्तरिय अनुगमन समितिले वडा भर अनुगमन गर्न सक्नेछ।

(३) प्रचलित कानूनको कुनै दफा, उपदफा सँग बाझिएमा बाझिएको हद सम्म अमान्य र बदर हुनेछ ।

कञ्चन गाउँपालिका

**प्रमाणीकरण मितिः २०८१/०५/०५**

आज्ञाले,

सागर गौतम

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाँउपालिका स्थानीय राजपत्र